**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी जी-20 नेताहरुको 20 औ शिखर सम्मेलनमा भाग लिनका लागि आज जोहान्सबर्ग पुग्नु हुनेछ।
- केंद्रीय पर्यावरण, वन एवं जलवायु परिवर्तन मंत्री भूपेंद्र यादवले वैश्विक संपन्नता भेदलाई दूर गर्न वित्तीय सहयोग बढ़ाउने तत्काल आवश्यकता रहेको बताउनु भयो।
- कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नुभएको छ, देशमा कुल खाद्यान्न उत्पादनमा आठ प्रतिशतको रिकॉर्ड वृद्धि दर रहेको छ।
- बांग्लादेशको अवामी लीग पार्टीले मुहम्मद यूनुसको नेतृत्वमा रहेको अंतरिम सरकारमाथि चार हज़ार 177 हत्याको आरोप लगाएको छ।
- मौसम विभागले आगामी दुई दिनसम्म अन्डमान र निकोबार द्वीपहरूमा भारी देखि अधिक भारी वर्षाको पूर्वानुमान गरेको छ।

**प्रधानमंत्री-जी 20**

प्रधानमंत्री नरेन्द्र मोदी जी-20 नेताहरुको 20 औ शिखर सम्मेलनमा भाग लिनका लागि आज जोहान्सबर्ग पुग्नुहुने छ। उहाँ 23 नवंबरसम्म दक्षिण अफ्रीकाको जोहान्सबर्गको यात्रामा रहनु हुनेछ। उहाँको दक्षिण अफ्रीकाको यो चौथो आधिकारिक यात्रा हो। यस अघि उहाँले 2016 मा दक्षिण अफ्रीकाको द्विपक्षीय यात्रा गर्नु भएको थियो अनि त्यसपछि वर्ष 2018 अवि 2023 मा उहाँले दुइ ब्रिक्स शिखर सम्मेलनमा भाग लिनु भएको थियो। जोहान्सबर्गमा हाम्रो संवाददाताले बताए अनुसार यस वर्ष कुनै विकासशील देशमा आयोजित भएको यो लगातार चौथो जी-20 शिखर सम्मेलन हो।

शिखर सम्मेलनमा प्रधानमंत्रीले जी-20 एजेंडाहरुमा भारतको दृष्टिकोण प्रस्तुत गर्नुहुनेछ। प्रधानमंत्रीले शिखर सम्मेलनको सबै तीन सत्रहरुलाई सम्बोधित गर्ने सम्भावना छ। प्रधानमंत्रीले जी-20 नेताहरुको शिखर सम्मेलनभन्दा अलग भारत-ब्राजील-दक्षिण फ्रीकाका नेताहरुको बैठकमा पनि भाग लिनुहुनेछ। श्री मोदीले जोहान्सबर्गमा कैयन नेताहरुसित द्विपक्षीय बैठक पनि गर्नुहुनेछ।

**गोआ-इफ्फी 2025**

56 औ भारतीय अंतर्राष्ट्रीय फिल्म महोत्सव हिजोदेखि गोआमा शुरू भएको छ। यो आठ दिवसीय महोत्सव 28 नवंबरसम्म चल्ने छ। भारत अनि बिस्वभरीका फिल्म निर्माता, कलाकार अनि फिल्म प्रेमी एशियाको सबैभन्दा पुरानो अनि प्रतिष्ठित फिल्म समारोहमा एकत्रित भएको छ।

फिल्मोत्सव वैश्विक सिनेमा, सांस्कृतिक आदान-प्रदान अनि नयाँ प्रतिभाहरुका लागि एक प्रमुख मंच हो। यस वर्षको संस्करणमा भारत र विदेशका समकालीन तथा क्लासिक फिल्महरुको प्रदर्शन, मास्टरक्लास अनि विशेष कार्यक्रमहरुको एक समृद्ध श्रृंखला सामेल छ।

उद्घाटन समारोहमा सूचना अनि प्रसारण राज्य मंत्री एल. मुरुगनले फिल्मोत्सव अनि वेव्स रचनात्मकता, विषय-वस्तु तथा संस्कृति स्तंभलाई मज़बूत गर्नु रहेको बताउनु भयो। श्री जाजूले फिल्मोत्सव उद्घाटन परेडलाई देशको सिनेमा विविधताको उत्सव मनाउने

महोत्सव बताउनु भयो।

**यादव-बाकू संवाद**

केंद्रीय पर्यावरण, वन एवं जलवायु परिवर्तन मंत्री भूपेंद्र यादवले हिजो स्वच्छ ऊर्जा अनुकूलनको वित्तीय पक्षलाई लिएर भारतको प्रयासहरु अनि अनुभवहरु तथा विकासशील देशहरु अघि आउने बाधाहरुको उल्लेख गर्दै अनुकूलन लक्ष्य बढ़ाउनका लागि आवश्यक उपायहरुको सुझाव दिनु भयो। ब्राज़ीलको बेलेममा तेस्रो संयुक्त राष्ट्र जलवायु सम्मेलन कॉप-30 अवधि स्वच्छ ऊर्जा अनुकूलन माथि बाकू उच्च-स्तरीय संवादमा श्री यादवले वैश्विक संपन्नता भेदलाई दूर गर्न वित्तीय सहयोग बढ़ाउने तत्काल आवश्यकता रहेको बताउनु भयो। पेरिस समझौताको 10 औ वर्षगांठमा श्री यादवले समझौताको अनुच्छेद 7 दशमलव 6 को महत्वमा जोड दिदै भन्नुभयो वर्ष 2025 को रिपोर्ट अनुसार विकासशील देशहरुलाई स्वच्छ ऊर्जा उपायका लागि 2035 सम्म बार्षिक 310 अरब देखि 365 अरब डॉलरको आवश्यकता पर्नेछ, जबकि हाल उनीहरुलाई लगभग 26 अरब डॉलर मात्र प्राप्त भैरहेको छ। श्री यादवले भन्नुभयो विकासशील देशहरुलाई पूर्व अनुमानित व्यापक, अनुदान-आधारित अनि सहुलियतपूर्ण आर्थिक सहायता आवश्यक छ। उहाँले भन्नुभयो हालको दरमा सार्वजनिक अनुकूलन वित्तलाई 2019 को स्तरले दुइ गुणा गरी 2025 सम्म लगभग 40 बिलियन डॉलर पुराउने ग्लासगो जलवायु समझौताको लक्ष्य संभवतः पूरा हुने छैन। उहाँले भन्नुभयो बाकू सम्मेलनले बेलेम भविष्य योजनामा उल्लेखित जलवायु वित्तीय योगदानलाई एक लाख तीस हज़ार करोड़ डॉलरको स्तरसम्म बढ़ाउनका लागि वैश्विक सामूहिक प्रयास हुनु जरुरी छ।

**कॉप - 30 आग**

ब्राज़ीलको बेलेममा कोप - 30 जलवायु शिखर सम्मेलनको मुख्य स्थलमा हिजो आगो लाग्दा १३ जना घाइते भएको छ। आगलागी समारोह स्थल 'ब्लू ज़ोन' मा बल्र्योको हो जस कारण हज़ारौ सहभागीहरुलाई बाहिर निकालिएको थियो। यहां सबै बैठकहरु, वार्ताहरु, मीडिया सेंटर अनि मुख्य प्लेनरी हॉल सहित सबै उच्च-स्तरीय बिशेष व्यक्तिहरुको कार्यालय स्थित छ। आयोजन समितिले भनेको छ घाइतेहरुलाई घटनास्थलमा नै चिकित्सा सुविधा प्रदान गरियो तथा उनीहरुको स्थितिमा नज़र राखिएको छ।

संयुक्त राष्ट्र महासचिव एंटोनियो गुटेरेस कार्यक्रम स्थलमा उपस्थित थिए, उहाँलाई संयुक्त राष्ट्र सुरक्षा विभाग द्वारा बाहिर निकालियो। भारतका पर्यावरण मंत्री भूपेंद्र यादव अनि भारतीय प्रतिनिधिमंडल पनि आगो लागेको समय ब्लू ज़ोन भित्र थिए, तर उहांहरुलाई सुरक्षित बाहिर निकालियो।

**चौहान- खाद्यान्न अनुमान**

कृषि एवं किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नुभएको छ, देशमा कुल खाद्यान्न उत्पादनमा आठ प्रतिशतको रिकॉर्ड वृद्धि दर रहेको छ। नयाँ दिल्लीमा आज वर्ष 2024-25 का लागि खाद्यान्न उत्पादनको अंतिम अनुमान जारी गर्दै उहाँले यो जानकारी दिनुभयो। श्री चौहानले भन्नुभयो पछिलो 10 वर्षमा भारतको कुल खाद्यान्न उत्पादनमा 10 करोड़ 60 लाख टन भन्दा अधिकको बढ़ोत्तरी भएको छ। उहाँले भन्नुभयो देशमा चामलको उत्पादन पछिलो बर्षको एक हज़ार 378 लाख टनले बढेर एक हज़ार 501 लाख टनको रेकॉर्ड स्तरमा पुगेको छ। गहूंको उत्पादन पनि पछिलो वर्षको एक हज़ार 132 लाख टनदेखि 46 दशमलव पांच तीन लाख टन बढेको छ। कृषि मंत्रीले भन्नुभयो सरकार कृषि अनि किसानहरुलाई सर्वोच्च प्राथमिकता दिदै उनीहरुको कल्याणको उपाय जारी राख्नेछ।

**जीएसटी सुधार - कृषि क्षेत्र**

नरेन्द्र मोदी सरकार द्वारा विभिन्न क्षेत्रमा जीएसटी दर घटाए पछि 22 सितम्बर देखि जीएसटी बचत उत्सव शुरू भएको थियो। यसले देशभरिका नागरिकहरुलाई लाभ भइरहेको छ। आज हामी नयाँ जीएसटी दरले कृषि क्षेत्रमा नागरिकहरुलाई कस्तो मदद प्राप्त भइरहेको छ, सो बारे कुरा गर्नेछौ।

**रेड्डी-ओमान**

केन्द्रीय मन्त्री जी किशन रेड्डीले नयाँ दिल्लीस्थित ओमानको दूतावासमा ओमानको ५५ औं राष्ट्रिय दिवसको कार्यक्रममा भारतको प्रतिनिधित्व गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री रेड्डीले भन्नुभयो, भारत र ओमानले कूटनीतिक सम्बन्धको ७० वर्ष पूरा गर्दैछन् र दुई देशबीचको रक्षा, व्यापार, ऊर्जा, संस्कृति र जनताबीचको सम्बन्धमा साझेदारी गहिरो हुँदै गएको छ। श्री रेड्डीले भन्नुभयो, विगत चार वर्षमा भारत र ओमानबीचको द्विपक्षीय व्यापार दोब्बर भएर १०.६ अर्ब अमेरिकी डलर पुगेको छ।

**<u>यूनुस- अवामी लीग</u>**

बांग्लादेशको अवामी लीग पार्टीले हिजो मुहम्मद यूनुसको नेतृत्वमा रहेको अंतरिम सरकारमाथि आरोप लगाउदै भनेको छ 14 महीनाको उनीहरुको कार्यकालमा चार हज़ार 177 हत्याको मामिला दर्ता गरिएको छ। अवामी लीग पार्टीले भनेको छ यस अवैध सरकारको शासनमा ढाकामा मात्रै 456 हत्या दर्ता भएको छ। यस्ता धेरै हत्याहरु भएको छ जो दर्ता भएको छैन। मानवाधिकार समूहहरुको भनाइ अनुसार यस अवधि देश भरमा 216 जनालाई कुटेर मारिएको छ। पुलिसले बताए अनुसार अपराध यस कारण बढिरहेको छ कि लुटिएको हथियारहरुमा 25 प्रतिशत हथियार अझै गायब छ । पार्टीले भनेको छ सत्तामा आए पछि यूनुसले धेरै अपराधिहरुलाई मुक्त गरेको छ।

**<u>मौसम</u>**

मौसम विभागले आगामी दुई दिनसम्म अन्डमान र निकोबार द्वीपहरूमा भारी देखि अधिक भारी वर्षाको पूर्वानुमान गरेको छ। विभागले आगामी तीन दिन केरला, माहे र तमिलनाडुमा भारी वर्षाको अवस्था रहने पूर्वानुमान गरेको छ। यसका साथै विभागले आगामी दुई दिनसम्म पश्चिम मध्य प्रदेशका केही भागमा शीतलहर छाउने अनुमान गरेको छ ।

यसैबीच, दिल्ली र एनसीआरमा वायुको गुणस्तर निकै खराब श्रेणीमा दर्ता गरिएको छ। वायु गुणस्तर सूचकांक (एक्यूआई) बिहान ६ बजे ३७४ रेकर्ड गरिएको थियो। खराब वायुको गुणस्तरलाई ध्यानमा राख्दै, वायु गुणस्तर व्यवस्थापन आयोगले राष्ट्रिय राजधानी र छेउछाउका क्षेत्रहरूमा ग्रेडेड रेस्पोन्स एक्शन प्लानको तेस्रो चरण लागू गरेको छ।

**<u>वियतनाम - बारिश</u>**

वियतनाममा बाढी अनि भूस्खलनबाट मर्नेहरुको संख्या बढेर 41 पुगेको छ । पछिलो तीन दिनमा मध्य वियतनामको धेरै भागहरुमा 150 सेंटीमीटरभन्दा अधिक वर्षाका कारण क्षेत्रहरुमा पानीको स्तर अझ बढेको छ।

****** o ******